# खानेपानी तथा सरसफाइ सम्बन्धि नियमावली २०७२

मस्यौदा जेष्ठ २०७२

नेपाल सरकार

सहरी विकास मन्त्रालय

सिंहदरबार, काठमांडौ

# खानेपानी तथा सरसफाइ सम्बन्धी नियमावली २०७२

प्रस्तावना: खानेपानी तथा सरसफाइ ऐन २०७२ को दफा ५५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यी नियमहरुको नाम "खानेपानी तथा सरसफाइ नियमावली, २०७२ रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा:विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा, -

(क) "ऐन" भन्नाले खानेपानी तथा सरसफाइ ऐन, २०७२ समझनु पर्दछ।

३. पानीको स्रोत संरक्षणको लागि स्थानिय निकायले गर्ने अन्य काम: ऐनको दफा ४ को प्रयोजनको निमित्त स्रोत संरक्षणको लागि स्थानिय निकायको अन्य काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ;

(क) पानी को मुहानको जलाधार क्षेत्र भित्र मुहानको पानीको परिमाण वा गुणस्तर वा प्रवाहमा नकारात्मक प्रभाव पर्ने गरि कुनै पनि प्रकारको मानविय कृयाकलाप हुन नदिने।

(ख) सरसफाइ सेवा प्रदायकले विसर्जन गरेको फोहरपानी तोकिएको गुणस्तर मानक बमोजिम रहोस भनि निरन्तर सचेत रहने र सम्बन्धित गुणस्तर नियन्त्रण अनुगमन गर्ने निकायको सम्पर्कमा रहने र अनुगमन कार्यको समन्वय गर्ने।

(**u**) खानेपानी र सरसफाइ सेवा प्रदायकलाई जलाधार क्षेत्रको संरक्षण र सम्वर्धन गर्ने कार्यमा सहजिकरण गर्ने र सेवा प्रदायकले गर्ने कार्यको समन्वय र संयोजन गर्ने।

४. आयोजना निर्माण गर्न स्विकृति लिनु पर्ने:

(१) खानेपानी वा सरसफाइ वा ढलनिकास सेवा प्रदान गर्ने आयोजना निर्माण गर्ने चाहने संस्थाले बिभागको सम्बन्धित खानेपानी तथा सरसफाई डिभिजन वा सबडिभिजन कार्यालयबाट आयोजना निर्माण गर्न स्विकृति लिनु पर्नेछ।

(२) आयोजना निर्माण गर्न स्विकृति लिन निम्न कागजात र विवरण साथ अनुसूची १ बमोजिमको ढांचामा दरखास्त दिनु पर्नेछः-

(क) संस्था कानून बमोजिम संगठित संस्थाको रुपमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि।

(ख) संस्थाको बिधान वा प्रबन्धपत्र र नियमावली वा संस्था संचालन नियमावलीको प्रतिलिपि।

(ग) संस्थाको पछिल्ला तिन बर्षको साधारण सभाको निर्णयका प्रतिलिपि।

(घ) संस्थाको संचालक समितिको पदाधिकारी र सदस्यको नाम र ठेगाना।

(ङ) खानेपानी आयोजना भए संस्थाले प्रचलित कानून बमोजिम खानेपानी सेवा प्रदान गर्नेप्रयोजनको लागि उपयोग गर्न पाउने पानीकोस्रोतको नाम, स्रोतको किसिम (सतही/भुमिगत/अन्य), दैनिक रुपमा अधिकतम उपयोग गर्न पाउने पानीको परिमाण, र पानीको मुहानको निर्धारित जलाधार क्षेत्र खुल्ने गरि प्राप्त गरेको अनुमति पत्रको प्रतिलिपि र/वा सरसफाइ आयोजना भए संस्थाले फोहरपानी बिसर्जन गर्न पाउने स्थानको नाम र दैनिक रुपमा अधिकतम उपयोग पश्चात विसर्जन गर्न पाउने अधिकतम फोहरपानीको परिमाण।

(च) आयोजनाको स्विकृत डिजाईन प्रतिवेदन र अनुमानित लागतको प्रतिलिपि।

(छ) प्रचलित कानून बमोजिमको प्रारम्भिक बातावरण परिक्षण वा बातावरणिय प्रभाव मुल्याङ्कन गरेको भए त्यसकोप्रतिवेदनको प्रतिलिपि।

(ज) आयोजनाको निर्माण कार्यतालिका।

(३) सम्बन्धित डिभिजन वा सबडिभिजन कार्यालयका प्रमुखले पेस भएका कागजात र विवरणबाट निम्न कुरो स्पष्ट नभएमा थप जानकारी माग गर्नु पर्नेछ।

(क) आयोजनाको डिजाईन प्रतिवेदनमा निम्न विवरण खुलेको हुनु पर्नेः-

- आयोजनाको नाम।
- आयोजनाले पुऱ्याउने सेवाको किसिम(खानेपानी/ढलनिकास/सरसफाइ)

- आयोजनाको किसिमको (नञां निर्माण वा सुधार वा विस्तार वा पुनर्स्थापना वा स्तरोन्नति)।
- आयोजनाले ओगटने सेवाक्षेत्र (न.पा./गा.बि.स./बडा)।
- आयोजनाबाट प्राप्त हुने सेवाको स्तर (उच्च, मध्यम वा आधारभुत)।
- आयोजनाको अनुमानित लागत।
- आयोजनाले प्रयोग गर्ने मुख्य प्रविधि (ग्राभिटी/लिफ्ट, खानेपानी/फोहरपानी/मानव मलमुत्र प्रशोधन र बिधि)।
- आयोजनाको आधार र डिजाईन बर्षमा हुने लाभान्वित जनसङ्ख्या।
- आयोजनाको आधार र डिजाईन बर्षको क्षमता (उत्पादन हुने खानेपानीको परमाण र/वा विसर्जन गरिने मानव मलमुत्र तथा फोहरपानीको परिमाण)।
- आयोजनाको सेवाक्षेत्र भित्र संचालनमा रहेका अन्य सेवा प्रणाली को भौतिक अवस्था र आयोजनासंग समायोजन।
- खानेपानी आयोजना भए पानीको मुहानको प्रस्तावित जलाधार क्षेत्रको चार किल्लाको विवरण।
- आयोजनाले अन्य खानेपानीको मुहानको जलाधार क्षेत्र अतिक्रमण गर्ने/नगर्ने वा अन्य सेवा प्रणालीको मुहानको पानीको परिमाण वा गुणस्तरमा प्रतिकुल प्रभाव पार्ने वा नपार्ने।
- तोकिएको अन्य आवस्यक विवरण।

(ख) आयोजनाको विस्तृत डिजाईन नेपाल सरकारबाट स्वीकृत डिजाईन मापदण्ड अनुरुप भएको हुनु पर्ने।

(ग) खानेपानी आयोजना भए वितरण गरिने खानेपानी र सरसफाइ आयोजना भए बिसर्जन गरिने फोहरपानी वा मानव मलमुत्र नेपाल सरकारले तोकेको गुणस्तरको मानक बमोजिम हुने गरि आयोजना तर्जुमा र डिजाईन गरिएको हुनु पर्ने।

(घ) आयोजनाको लागत अनुमान नेपाल सरकारबाट स्वीकृत नर्म्स र सम्न्धित जिल्लाको स्वीकृत दररेटको आधारमा गरिएको हुनु पर्ने।

(ङ) लागत अनुमानमा बातावरणिय प्रभाव न्युनिकरण, पुनर्वास र पुनर्स्थापन, पुनर्निमाण, जग्गा खरिद, क्षतिपुर्तिको पर्याप्त प्रावधान भएको हुनु पर्ने।

(च) आयोजना निर्माणको लागत ब्यहोरिने स्रोत खुलाईएको हुनु पर्ने।

(छ) आयोजनाको सालबसाली मर्मत सम्भार र सञ्चालन खर्च (ऋण लगानीमा सम्पन्न गरिने आयोजना भए ऋण सांवा ब्याज समेत) अनुमान गरिएको र खर्च उठाईने स्रोत खुलाईएको हुनु पर्ने।

(ज) आवस्यक अन्य जानकारी।

(४) आयोजना निर्माणको लागि स्वीकृति प्राप्त गर्ने संस्थाले निर्माण अवधि भर निम्नानुसारका शर्तहरुको पालना गर्नु पर्नेछः-

(क) सम्बन्धित डिभिजन वा सबडिभिजन कार्यालयमा निम्न जानकारी कार्य सम्पन्न भएको एक महिना भित्र पठाउने:-

- संस्थाको बिधान वा नियमावली संशोधन भएमा संशोधित बिधान वा नियमावलीको प्रति।
- संस्थाको साधारण सभाका निर्णयहरु।
- संस्थाको संचालक समितिको पुनर्गठन भएमा पदाधिकारीहरुको नाम र ठेगाना।
- डिजाईन वा अनुमानित लागत संशोधन भएमा संशोधित डिजाईन र अनुमानित लागत।

(ख) समयमै आयोजनाको वार्षिक भौतिक र आर्थिक लक्षको विवरण पठाउने।

(ग) समयमै आयोजनाको संशोधित वार्षिक भौतिक र आर्थिक लक्षको विवरण पठाउने।

(घ) समयमै आयोजनाको आवधिक भौतिक र आर्थिक प्रगति विवरण पठाउने।

(ङ) आवधिक प्रगति समीक्षामा जिम्मेवार पदाधिकारीलाई भागलिन लगाउने।

(च) तालिम कार्यक्रमहरुमा उपयुक्त पदाधिकारी वा कर्मचारीलाई भाग लिन पठाउने।

(च) निर्माण कार्यको निरिक्षण र अनुगमन कार्यमा सम्बन्धित कार्यालयका प्रमुख वा निजले खटाएको प्राविधिकलाई सहयोग र सहजिकरण गर्ने।

(छ) निरिक्षण र अनुगमनको क्रममा लिखित रुपमा औंल्याईएका सुझावहरु अनुसार निर्माणमा कमी कमजोरीहरु भएको पाइएमा त्यसको समाधान वा निराकरण गर्ने।

(ज) आयोजना संपन्न भएको ३ महिना भित्र आयोजना संपन्न प्रतिवेदन बिभाग र स्थानीय निकायमा पेस गर्ने।

(झ) आयोजना निर्माणलाई प्रतिकुल प्रभावित पार्ने कुनै काम हुन गएमा सोको जानकारि यथाशिघ्र दिने।

(ञ) आवस्यक अन्य जानकारी।

५. <u>आयोजना निर्माणको लागि स्विकृति लिने प्रकृया र कार्यबिधि:</u>

(१) सम्बन्धित डिभिजन वा सबडिभिजन कार्यालयका प्रमुखले आयोजना निर्माणको स्विकृतिको लागि दरखास्त प्राप्त भएको ३ महिना भित्र संस्थाका प्रतिनिधि संग आयोजनाको बिशिष्टता, सेवाक्षेत्रको अवस्था, आयोजनाको डिजाईन र लागत अनुमान, तथा अन्य विवरण उपर बिस्तृत छलफल गरि आवस्यक देखिए संस्थाले थप विवरण र थप कागजात पेस गर्न; आयोजनाको डिजाईन र अनुमानित लागतमा सुधार वा संशोधन वा परिवर्तन गर्न समय सीमा तोकि लिखित सहमति गर्नु पर्नेछ।

(२) सम्बन्धित कार्यालयका प्रमुखले माथि उपनियम (१) बमोजिमको सहमतिमा संबन्धित संस्थाले थप विवरण र कागजात तथा आयोजनाको सुधारिएको वा संशोधित वा परिवर्तित डिजाईन र लागत अनुमान पेस गरेको ३ महिना भित्र कार्यालयको आयोजना निर्माण सम्बन्धि अभिलेखमा दर्ता गरि अनुसूची २ बमोजिमको आयोजना निर्माण गर्न स्विकृति पत्र दिनु पर्नेछ।

(३) यस नियम अन्तर्गत सम्बन्धित कार्यालयका प्रमुखले गरको कुनै पनि निर्णय वा काम कार्वाही उपर चित्त नबुझे संस्थाले के कुरामा चित्त न बुझेको हो सो ब्यहोरा खुलाई बिभागका प्रमुख समक्ष लिखित निवेदन दिन सक्ने छन्। बिभागिय प्रमुखले त्यस्तो निबेदन प्राप्त भएको २ महिना भित्र उपयुक्त निर्णय दिनु पर्ने छ र सो निर्णय दुवै पक्षलाई मान्य हुनेछ।

६. <u>निर्माणाधिन आयोजनादर्ता हुन पर्ने:</u>

(१) ऐन प्रारम्भ हुंदाका बखत निर्माण भईरहेका आयोजनाका सम्बन्धमा निर्माण गर्ने संस्थाले ६ महिना भित्र बिभागको सम्बन्धित डिभिजन वा सबडिभिजन कार्यालयमा उपलब्ध भएसम्म

नियम ४ को उपनियम (२) र (३) बमोजिमको कागजात र विवरण खुलाई अनुसूची ३ बमोजिमको ढांचामा दरखास्त दिनु पर्नेछ र कार्यालयका प्रमुखले आयोजना दर्ता गरी अनुसूची ४ बमोजिमको प्रमाण पत्र निवेदकलाई  दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम आयोजना दर्ता गराउने संस्थाले आयोजना दर्ता भए पछि नियम ४ को उपनियम (५) बमोजिमका शर्तहरुको पालना गर्नु पर्नेछ।

७. <u>आयोजना निर्माण गर्ने अन्य संस्था वा निकायले आयोजना सम्बन्धी विवरण अभिलेख गराउनु पर्ने:</u> आयोजना निर्माण गर्ने अन्य संस्था वा निकायहरुले पनि ऐन प्रारम्भ हुंदाका बखत निर्माणका क्रममा रहेको आयोजनाका हकमा ६ महिना भित्र र नत्रां आयोजना भए आयोजना सुरु गर्दा बिभागको डिभिजन वा सब डिभिजन कार्यालयलाई नियम ४ को उपनियम (३) को खण्ड (क) बमोजिम जानकारी दिनु पर्नेछ र समबन्धित कार्यालयका प्रमुखले आयोजना निर्माण सम्बन्धी अभिलेखमा दर्ता गरी सो को जानकारी सम्बन्धित संस्था वा निकायलाई दिनु पर्नेछ।

८. <u>आयोजना निर्माण सम्पन्न भए पश्चात सेवा सञ्चालन गर्न अनुमति लिनु पर्ने:</u>

(१) आयोजना निर्माण सम्पन्न भए पश्चात सेवा संचालन गर्ने संस्थाले सेवा संचालन सुरु भएको ३ महिना भित्र बिभागको सम्बन्धित खानेपानी तथा सरसफाई डिभिजन वा सबडिभिजन कार्यालयमा सेवा प्रणाली दर्ता गराई सो कार्यालयबाट सेवा संचालन गर्न अनुमति लिनु पर्नेछ।

तर अनुमति लिई सेवा संचालन भै रहेका सेवा प्रणालीको सुधार, बिस्तार वा पुनर्स्थापन कार्य सम्बन्धि आयोजनाको निर्माण सम्पन्न भए पश्चात भने यस्तो स्विकृति लिई रहनु पर्ने छैन।

(२) सेवा संचालन अनुमति लिन निम्न कागजात र विवरण साथ अनुसूची ५ बमोजिमको ढांचामा दरखास्त दिनु पर्नेछ:-

(क) सेवा संचालन गर्ने संस्था कानून बमोजिम संगठित संस्थाको रुपमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि।

(ख) संस्थाको बिधान वा नियमावलीको प्रतिलिपि।

(ग) संस्थाको संचालक समितिको पदाधिकारी र सदस्यको नाम र ठेगाना।

(घ) सेवा प्रणालीको स्वामित्व रहने संस्था र सेवा संचालन गर्ने संस्था बिच सेवा संचालन संबन्धमा भएको संझौताको प्रतिलिपि।

(ङ) संस्थाले सञ्चालन गर्ने सेवा प्रणाली सम्बन्धि निम्न विवरण:-

- सेवाको नाम।
- सेवाको किसिम (खानेपानी/ढलनिकास/सरसफाइ)
- सेवाक्षेत्र (न.पा./गा.बि.स./बडा)।
- सेवाको स्तर (उच्च, मध्यम वा आधारभुत)।
- सेवा प्रणालीको मुख्य प्रविधि (ग्राभिटी/लिफ्ट, पानीको स्रोत सतहगत वा भुमिगत, खानेपानी वा फोहरपानी वा मानव मलमुत्र प्रशोधन बिधि)।
- सेवा प्राप्त गर्ने उपभोक्ताको किसिम र सङ्ख्या।
- हाल उत्पादन हुने खानेपानीको परिमाण र/वा विसर्जन गरिने मानव मलमुत्र तथा फोहरपानीको परिमाण।
- चालु आ.व. को अनुमानित आय र ब्ययको विवरण।
- निर्धारित सेवा शुल्क र महसूल दर।
- आवस्यक अन्य जानकारी।

(३) सम्बन्धित डिभिजन वा सबडिभिजन कार्यालयका प्रमुखले आयोजनालाई कार्यालयको अभिलेखमा दर्ता गरि अनुसूची ६ बमोजिम सेवा सञ्चालन गर्ने अनुमति पत्र प्रदान गर्नु पर्नेछ।

(४) सेवा सञ्चालन गर्ने अनुमति लिने संस्थाले निम्नानुसारका शर्तहरुको पालना गर्नु पर्ने छ:-

(क) सम्बन्धित डिभिजन वा सबडिभिजन कार्यालयमा निम्न जानकारी निम्न समय भित्र भित्र पठाउने:-

<u>कार्य सम्पन्न भएको एक महिना भित्र</u>

- संस्थाको बिधान वा नियमावली संशोधन भएमा संशोधित बिधानको प्रति।
- संस्थाको साधारण सभाका निर्णयका प्रतिलिपिहरु।
- सेवा शुल्क र महसूल दर संशोधन भए संशोधित दरहरु।

- चालु आ.व.को अनुमानित आय र ब्ययमा संशोधन भएमा संशोधित विवरण।
- संस्थाको संचालक समितिको पुनर्गठन भएमा पदाधिकारीहरुको नाम र ठेगाना।

<u>आर्थिक वर्ष ब्यतित भएको छ महिना भित्र</u>

- गत आ.व.को वास्तविक आम्दनी खर्चको विवरण।
- चालु आ.व.को अनुमानित आय र ब्ययको विवरण।

(ख) आवधिक समीक्षामा जिम्मेवार पदाधिकारीलाई भाग लिन लगाउने।

(ग) तालिम कार्यक्रमहरु मा उपयुक्त पदाधिकारी वा कर्मचारीलाई भाग लिन पठाउने।

(घ) संचालन कार्यको निरिक्षण र अनुगमन कार्यमा सम्बन्धित कार्यालयका प्रमुख वा निजले खटाएको प्राविधिकलाई सहयोग र सहजिकरण गर्ने।

(ङ) निरिक्षण र अनुगमनको क्रममा लिखित रुपमा औंल्याईएका सुझावहरु अनुसार सञ्चालनमा भई रहेका कमी कमजोरीहरु निराकरण गर्ने।

(च) सेवामा प्रतिकुल प्रभावित पार्ने कुनै अवस्था आई परे सोको जानकारि यथाशिघ्र दिने।

(छ) आवस्यक अन्य जानकारी।

९. <u>सञ्चालनमा रहेका आयोजनाबाट सेवा सञ्चालन गर्न अनुमति लिनु पर्ने:</u>

(१) ऐन प्रारम्भ हुंदाका बखत निर्माण सम्पन्न भै सकेका आयोजना सञ्चालन गरि रहेका संस्थाले ६ महिना भित्र उपलब्ध भएसम्म नियम ८ को उपनियम (२) बमोजिमको कागजात र विवरण खुलाई बिभागको सम्बन्धित डिभिजन वा सबडिभिजन कार्यालयमा अनुसूची ७ बमोजिमको ढांचामा दरखास्त दिनु पर्नेछ र कार्यालयका प्रमुखले आयोजनालाई कार्यालयको अभिलेखमा दर्ता गरी अनुसूची ८ बमोजिमको सेवा सञ्चालन को अनुमति पत्र निवेदकलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सेवा प्रणाली दर्ता गराई सेवा सञ्चालन गर्ने संस्थाले आयोजना दर्ता भए पछि नियम ८ को उपनियम (५) बमोजिमका शर्तहरुको पालना गर्नु पर्नेछ।

१०. <u>आयोजना निर्माण गर्ने अन्य संस्था वा निकायले आयोजना सम्बन्धी विवरण अभिलेखित गराउनु पर्ने:</u> आयोजना संचालन गर्ने अन्य संस्था वा निकायहरुले पनि ऐन प्रारम्भ हुंदा संचालन गरि रहेको सेवाप्रणालीका हकमा ६ महिना भित्र र नयां संचालन गर्ने भए संचालन सुरु गर्दा बिभागको

डिभिजन वा सब डिभिजन कार्यालयलाई नियम ८ को उपनियम (२) को खण्ड (ङ) बमोजिम जानकारी दिनु पर्नेछ र समबन्धित कार्यालयका प्रमुखले सेवाप्रणाली सम्बन्धी अभिलेखमा दर्ता गरी सो को जानकारी सम्बन्धित संस्था वा निकायलाई दिनु पर्नेछ।

११. स्थानिय निकायसंगको सहभागितामा आयोजनाको बिकास गर्ने:

(१) कुनै पनि एक वा बढी स्थानिय निकायले आफ्नो क्षेत्र भित्र खानेपानी र सरसफाई सेवाको समुचित बिकास गर्न निर्माणमा लाग्ने कुल खर्चको खानेपानी आयोजना भए ५० प्रतिशत र सरसफाई आयोजना भए २० प्रतिशत रकम स्थानिय निकाय आफैले ब्यहोर्ने गरि प्रस्ताव गरेमा नेपाल सरकारले स्थानिय निकायसंगको सहभागितामा आयोजना कार्यान्वयन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको रकम स्थानीय निकायले आफ्नै कोषका अतिरिक्त उपभोक्ता समुदायबाट सहयोग र कुनै बित्तिय संस्थाबाट वा नेपाल सरकारले स्थापना गरेको खानेपानी तथा सरसफाइ चक्रकोषबाट ऋण प्राप्त गरि ब्यहोर्न सक्ने छ।

(३) नेपाल सरकारले ब्यहोर्ने रकम स्थानिय निकाय मार्फत स्थापित संस्थालाई अनुदान स्वरुप प्राप्त हुनेछ।

(४) आयोजना कार्यान्वयन गर्न र आयोजना संपन्न भए पश्चात आयोजनाले प्रदान गर्ने सेवा सञ्चालन तथा ब्यवस्थापन गर्न स्थानिय निकायले प्रचलित कानून बमोजिम एक संस्थाको स्थापना गर्नु पर्नेछ र त्यस्तो संस्थाको कार्यकारी समितिको कम्तीमा ५० प्रतिशत पदाधिकारी र सदस्य उपभोक्ता मध्येबाट निर्वाचित हुनु पर्नेछ।

(५) यस दफा बमोजिम कार्यान्वयन हुने आयोजनाको निर्माण कार्यको लागि प्राविधिक र प्रशासनिक सेवा प्रदान गर्न एक प्राविधिक प्रमुख र एक लेखा अधिकृत सहित एक आयोजना कार्यान्वयन कार्यालयको स्थापना गरिनेछ। उक्त कार्यालयमा सहमति बमोजिम अन्य कर्मचारी नेपाल सरकार, सम्बन्धित स्थानीय निकाय र स्थापित संस्थाबाट रहने छन्।

(६) नेपाल सरकारले स्थानिय निकायसंगको सहभागिता बिकास गर्ने आयोजनाको कार्यान्वयनका लागि आवश्यक कार्यान्वयन निर्देशिका बनाई लागु गर्न सक्नेछ।

१२. <u>उपभोक्ता संस्थासंगको सहभागितामा आयोजनाको बिकास गर्ने:</u>

(१) कुनै पनि महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिका वा गाँउ विकास समितिको भौगोलिक क्षेत्रका बासिन्दाले प्रचलित कानून बमोजिम उपभोक्ता संस्था गठन गरी वा कानून बमोजिम स्थापित कुनै एक वा बढी उपभोक्ता संस्था मार्फत आफ्नो क्षेत्र भित्र खानेपानी र सरसफाई सेवाको समुचित बिकास गर्न निर्माणमा लाग्ने कुल खर्चको खानेपानी आयोजना भए ५० प्रतिशत र सरसफाई आयोजना भए १० प्रतिशत रकम संस्था आफैले ब्यहोर्ने गरी प्रस्ताव गरेमा नेपाल सरकार वा सम्बन्धित स्थानीय निकायले उपभोक्ता संस्थासंगको सहभागितामा आयोजना कार्यान्वयन गर्ने सक्नेछ।

(२) उपनियम (१) बमोजिमको रकम उपभोक्ता संस्थाले आफ्नै कोषका अतिरिक्त उपभोक्ता समुदायबाट सहयोग, कुनै बित्तिय संस्थाको ऋण सहयोग, नेपाल सरकारले स्थापना गरेको खानेपानी तथा सरसफाइ चक्रकोषको ऋण सहयोग वा कुनै ब्यक्ति वा संस्थावाट प्राप्त दान सहयोगका माध्यमबाट ब्यहोर्न सक्ने छन्।

(३) आयोजना कार्यान्वयन गर्न र आयोजना संपन्न भए पश्चात आयोजनाले प्रदान गर्ने सेवा सञ्चालन तथा ब्यवस्थापन गर्न स्थानिय निकायले प्रचलित कानून बमोजिम एक संस्थाको स्थापना गर्नु पर्नेछ र त्यस्तो संस्थाको संचालक समितिको कम्तीमा ५० प्रतिशत पदाधिकारी र सदस्य उपभोक्ता मध्येबाट निर्वाचित हुनु पर्नेछ।

(४) नेपाल सरकारले ब्यहोर्ने रकम स्थानिय निकाय मार्फत स्थापित संस्थालाई अनुदान स्वरुप प्राप्त हुनेछ।

(५) यस दफा बमोजिम कार्यान्वयन हुने आयोजनाको निर्माण कार्यको लागि प्राविधिक र प्रशासनिक सेवा प्रदान गर्न एक प्राविधिक प्रमुख र एक लेखा अधिकृत सहित एक आयोजना कार्यान्वयन कार्यालयको स्थापना गरिनेछ। उक्त कार्यालयमा सहमति बमोजिम अन्य कर्मचारी नेपाल सरकार, सम्बन्धित स्थानीय निकाय र स्थापित संस्थाबाट रहने छन्।

(६) नेपाल सरकारले स्थानिय उपभोक्ता संस्थासंगको सहभागितामा बिकास गर्ने आयोजनाको कार्यान्वयनका लागि आवश्यक कार्यान्वयन निर्देशिका बनाई लागु गर्न सक्नेछ।

१३. <u>आर्थिक रुपमा असबल उपभोक्ता समुदायको लागी विशेष ब्यवस्था:</u>

(१) आर्थिक रुपमा असबल उपभोक्ता समुदायको लागी उपभोक्ता समुदायले ब्यहोर्नु पर्ने खानेपानी आयोजना निर्माण खर्चको १० प्रतिशत रकम नेपाल सरकारले ब्यहोर्ने गरी आयोजना निर्माण गरिदिने विशेष ब्यवस्था गर्न सक्ने छ।

तर यो ब्यवस्था अन्तर्गत सामान्यतया: आधारभुत सेवा स्तरको आयोजना मात्र निर्माण गरिने छ।

(२) उपनियम (१) बमोजिम आयोजना निर्माण गरी सेवा संचालन गर्न ईच्छुक समुदायले प्रचलित कानून बमोजिम उपभोक्ता संस्था गठन गरी सो संस्था मार्फत वा कानून बमोजिम स्थापना भई सेवा संचालन गरिरहेको उपभोक्ता संस्थाभए त्यस्तो संस्था मार्फत प्रस्ताव गर्न सक्ने छन्।

(३) नेपाल सरकारले विशेष ब्यवस्था अन्तर्गत निर्माण गरिने आयोजनाको कार्यान्वयनका लागि आवश्यक कार्यान्वयन निर्देशिका बनाई लागु गर्न सक्नेछ।

१४. <u>आयोजनाको बर्गिकरण:</u>

**(१)** निम्न प्रकारका आयोजना केन्द्रिय स्तरको आयोजना मानिनेछ:-

- नेपाल सरकारको स्रोतबाट महानगरपालिका वा उपमहानगरपालिका वा नगरपालिका वा स्याना तथा उदियमान नगरहरुमा सञ्चालन गरिने आयोजना।
- नेपाल सरकारको स्रोतबाट गा.वि.स. मा मध्यम तथा उच्च स्तरको सेवा प्रदान गर्ने गरी निर्माण गरिने आयोजना।

**(२)** निम्न प्रकारका आयोजना स्थानिय स्तरको आयोजना मानिनेछ:-

- स्थानिय निकायले आफ्नै स्रोतबाट सञ्चालन गर्ने आयोजना।

-गैर सरकारी र सामाजिक संस्थाले सञ्चालन गर्ने आयोजना।

(२) सामान्यतया नेपाल सरकारले केन्द्रिय स्तरको कुनै खास आयोजना अन्य सरकारी वा स्थानिय निकाय मार्फत कार्यान्वयन गर्ने निर्णय गरको अवस्थामा बाहेक केन्द्रिय स्तरका आयोजनाको निर्माण विभागले गर्नेछ।

तर बैदेसिक सहयोगमा संचालित जुनसुकै स्तरका आयोजना भएपनि त्यसको निर्माण गर्ने निकाय सो आयोजना कार्यान्वयनको लागि आर्थिक सहयोग सम्बन्धमा दातृ सरकार वा संस्था संग भएको संझौतामा उल्लेख भए बमोजिम हुनेछ।

१५. <u>आयोजनाको कार्यान्वयन गर्ने कार्यबिधि:</u>

(१) उपभोक्ता समुदायसंगको सहभागितामा संचालन गरिने आयोजनाको कार्यान्वयन गर्दा निम्न बमोजिमको कार्यविधि अपनाउनु पर्नेछः-

(क) उपभोक्ता समुदाय संगठित संस्थाको रुपमा गठन भई औपचारिक तवरले मांग गरेमामात्र आयोजना कार्यान्वयन गर्न सकिने।

(ख) आयोजना कार्यान्वयन गर्ने सम्बन्धित निकायले उपभोक्ता समुदायलाई संगठित हुन र निर्माण पुर्व आयोजना तयारी चरणमा उपभोक्ता समुदायको पर्याप्त र सकृय सहभागिता रहनु पर्ने।

(ग) आयोजनाको निर्माण चरणमा सबै निर्णय प्रकृयामा उपभोक्ता समुदायको सार्थक र सकृय सहभागिता हुन पर्ने।

(घ) आयोजना निर्माण सम्न्न भए पश्चात सेवा सञ्चालनको प्रारम्भिक चरणमा उपभोक्ता समुदायलाई पर्याप्त प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने।

**(२)** आयोजना कार्यान्वयनका सबै चरणहरुमा उपभोक्ता समुदायको सहभागिता प्रभावकारी बनाउनाको लागि पर्याप्त तालिम र अन्य क्षमता अभिबृद्धिको ब्यवस्था गर्नु पर्नेछ।

(३) आयोजना कार्यान्वयन ब्यवस्थित गर्न सम्बन्धित निकाय वा संस्थाले आवस्यक कार्यान्वयन निर्देशिका बनाई लागू गर्नु पर्नेछ।

१६. <u>आयोजना निर्माण गर्दा सेवाक्षेत्र तोक्ने मापदण्ड:</u>

(१) आयोजनाको सेवाक्षेत्रमा समावेश गरिने भौगोलिक क्षेत्रको प्राथमिकताको क्रमको मापदण्ड निम्नानुसार हुने छः-

(क) उपलब्ध खानेपानीको स्रोतको क्षमताले धान्न सक्ने भौगोलिक क्षेत्र।

(ख) सेवा उपलब्ध नभएका भौगोलिक क्षेत्र।

(ग) कम सेवास्तर प्राप्त भई रहेको भौगोलिक क्षेत्र ।

(घ) बैकल्पिक स्रोतबाट कम लागतमा खानेपानी सेवा पुऱ्याउन सकिने भौगोलिक क्षेत्र।

(घ) आयोजनाको लागत र सञ्चालन खर्चमा उल्लेखनिय वृद्धि नहुने भौगोलिक क्षेत्र।

(२) उपनियम (१) को खण्ड (ग) का आधारमा सेवाक्षेत्रमा समावेश हुने भौगोलिक क्षेत्रका उपभोक्ता समुदाय आफैले आयोजनाको माग नगरेको भए समुदायले सेवाक्षेत्रमा समावेश हुन सहमति गरेको हुन पर्नेछ।

(३) नियम (१) बमोजिमको मापदण्डको आधारमा सेवाक्षेत्र निर्धारण गर्दा सेवाक्षेत्रमा समावेश हुन नसकेका भौगोलिक क्षेत्रका बासिन्दाहरु ईच्छुक भए बैकल्पिक आयोजनाको अध्ययन गरि कार्यान्वयनमा प्राथमिकता दिनु पर्नेछ।

(४) सामान्यतया खानेपानीको सेवाक्षेत्र नै सरसफाइको सेवाक्षेत्र हुने गरि आयोजना कार्यान्वयन गरिनेछ।

१७. <u>बिभागको अन्य काम, कर्तब्य र अधिकार:</u>

(१) ऐनमा उल्लेख भए बाहेकका बिभागका काम कर्तब्य र अधिकार निम्न बमोजिम हुने छन्:-

(क) सेवाप्रदायकको सेवाबाट असन्तुष्ट उपभोक्ताहरुको लिखित गुनासो आएमा सम्बन्धित सेवाप्रदायकलाई सचेत गराउने।

(ख) कुनै सेवाप्रदायक विरुद्ध समान प्रकृतिका गुनासाहरु पटक पटक प्राप्त हुन आएमा त्यस्ता गुनासाहरु बारे जाँचबुझ गर्ने र गुनासाहरु सत्य देखिए सेवामा सुधार गर्न सम्बन्धित सेवा प्रदायकलाई मनासिब माफिकको समय दिई सेवामा सुधार गर्न लगाउने।

(ग) सेवाप्रदायकले सेवामा सुधार नगरे वा गर्न नमाने ऐन बमोजिम सेवाप्रदायक विरुद्ध ऐन बमोजिम कारवाही गर्ने।

(२) अनुगमनका क्रममा कुनै सेवाप्रदायकले ऐन बमोजिम वा प्रचलित कानून बमोजिम कसुर हुने कुनै कार्य गरेमा कारवाही गर्ने।

(३) उपनियम (१) र (२) बमोजिमका काम कारवाही विभागले सम्बन्धित डिभिजन वा सबडिभिजन कार्यालय मार्फत गर्न गराउन सक्नेछ।

१८. <u>उपभोक्ता समुदाय समेतकोलगानीमा सम्पन्न आयोजनाको सेवाप्रणाली हस्तान्तरण:</u>

**(१)** अन्यथा ब्यवस्था भएकोमा बाहेक विभाग वा अन्य कुनै सरकारी निकाय मार्फत उपभोक्ता समुदाय समेतको लगानीमा सम्पन्न भएका आयोजनाको सेवाप्रणालीको स्वामित्व कानून बमोजिम स्थापना भएका उपभोक्ता संस्थालाई सेवा सञ्चालन गर्ने गरि हस्तान्तरण गरिनेछ।

तर नेपालसरकारको नगद अनुदान सहयोग प्राप्त गरि उपभोक्ता समुदाय आफैले आयोजना कार्यान्वयन गरेको भएमा यो उपनियम बमोजिम निर्माण भएको आयोजनाको सेवाप्रणालीको स्वामित्व हस्तान्तरण गरिरहनु पर्ने छैन।

(२) उपनियम (१) बमोजिम उपभोक्ता संस्थालाई स्वामित्व हस्तान्तरण गर्दा आयोजनाको लागत मुल्य समेत खुलेको चल तथा अचल सम्पत्तिको विवरण, आयोजनाको सम्पन्न नापनक्सा, सेवाप्रणाली सञ्चालन निर्देशिका, सेवाप्रणालीमा जड़ान गरिएका उपकरण तथा यन्त्रहरुको स्पेसिफिकेसन तथा संचालन पुस्तिका, परिक्षण-सञ्चालन प्रतिवेदन, र आयोजना सञ्चालन सम्बन्धी अन्य आवस्यक जानकारी र कागजपत्र समेत हस्तान्तरण गर्नु पर्नेछ र त्यसको एक प्रति सम्बन्धित स्थानिय निकायलाई समेत उपलब्ध गराउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम उपभोक्ता संस्थालाई स्वामित्व हस्तान्तरण गर्दा सम्बन्धित निकायले उपभोक्ता संस्थाले सेवा सञ्चालन गर्दा कायम राक्नु पर्ने नयूनतम सेवास्तर र अन्य निकाय सापेक्ष कुनै सर्त भए सो समेत खुलाई द्वीपक्षिय सेवासञ्चालन समझौता समेत गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम उपभोक्ता संस्थालाई सेवाप्रणालीको स्वामित्व हस्तान्तरण गर्दा स्थानिय निकायको रोहवरमा गर्नु पर्नेछ।

(५) उपनियम (१) बमोजिम सेवाप्रणाली हस्तान्तरण गरिने आयोजना सो आयोजना सम्पन्न भए पश्चात कम्तिमा ३ महिनाको सफल परिक्षण-सञ्चालन पश्चात मात्र उपभोक्ता संस्थालाई हस्तान्तरण गर्नु पर्नेछ।

(६) आयोजनाको परिक्षण सञ्चालन उपभोक्ता संस्थाले नियुक्त गरेको सेवा सञ्चालनको लागि आवस्यक न्युनतम प्राविधिक र प्रसाशनिक कर्मचारीको सहभागिता र संलग्नतामा मात्र सम्पन्न गरिनेछ।

(७) उपनियम (३) बमोजिम परिक्षण सञ्चालन अवधि भर उपभोक्ता संस्थाले नियुक्त गरेको कर्मचारीको पारिश्रमिक आयोजना कार्यान्वयन गर्ने निकायबाट ब्यहोरिनेछ।

(८) अन्यथा ब्यवस्था गरिएकोमा बाहेक सेवा सञ्चालन सम्बन्धमा उपभोक्ता संस्थाको काम, कर्तब्य र अधिकार सेवाप्रदायक सरह हुनेछ।

(९) यो नियम लागु हुंदा सम्म स्वामित्व हस्तान्तरण नभएका सेवाप्रणाली पनि कानून बमोजिम स्थापित भई सेवा सञ्चालन गरिरहेका उपभोक्ता संस्थालाई स्वत: उपनियम (१) बमोजिम हस्तान्तरण भएको मानिनेछ।

(१०) सामान्यतया उपभोक्ता संस्थाले हस्तान्तरण गरि लिएको सेवाप्रणालीको मर्मत सम्भार र सेवा सञ्चालन निर्वाचित कार्यकारी समितिको सुपरिवेक्षण र प्रसाशनिक नियन्त्रणमा आप्नो कर्मचारीबाट वा सेवा करार अन्तर्गत नियुक्त कुनै सेवाप्रदायकबाट गराउन सकिनेछ।

तर जुनसुकै प्रकारले सेवा सञ्चालन गरे पनि सेवाप्रदायकको प्रारम्भिक जिम्मेवारी उपभोक्ता संस्थामा नै रहेको मानिनेछ।

(११) सम्बन्धित स्थानिय निकायलाई कुनै उपभोक्ता संस्थाको कार्यकारी समितिले सम्झौता बमोजिम सेवा सञ्चालन र सेवाप्रणालीको ब्यवस्थापन गरेको छैन भन्ने लागेमा सम्बन्धित समितिलाई आवस्यक सुधार गर्न लिखित रुपमा जानकारी गराउनु पर्ने छ र यसरी पटकपटक जानकारी गराउँदा पनि समितिले अपेक्षित सुधार न गरेमा स्थानिय निकायले सेवा सञ्चालन र ब्यवस्थापनको बैकल्पिक ब्यवस्थाका लागि विभागको सम्बन्धित डिभिजन वा सबडिभिजन कार्यालयसंग परामर्श गरि विधान बमोजिम ३ महिना भित्र नत्राँ कार्यकारी समितिको निर्वाचन गर्न बहालवाला कार्यकारी समितिलाई निर्देशन दिन सक्नेछ।

तर स्थानिय निकायको निर्देशन कार्यकारी समितिले कार्यान्वयन नगरेमा स्थानिय निकायले सम्बन्धित डिभिजन वा सबडिभिजन कार्यालय र स्थानिय प्रसाशनको रोहवरमा आफै निर्वाचन गराई नत्राँ निर्वाचित कार्यकारी समितिलाई सेवा संचालन र ब्यवस्थापनको जिम्मा लगाउन सक्नेछ।

१९. <u>अन्य आयोजनाको सेवाप्रणालीको हस्तान्तरण:</u>

(१) नेपाल सरकारले पुरै वा स्थानिय निकाय समेतको लगानीमा सम्पन्न गरेको आयोजनाको सेवाप्रणालीको स्वामित्व सामान्यतया स्थानिय निकायलाई वा कानून बमोजिम स्थापना भएको कुनै सेवाप्रदायकलाई सेवा सञ्चालन तथा ब्यवस्थापन समेत गर्ने गरि हस्तान्तरण गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम हस्तान्तरण गरिलिने सेवाप्रदायक नाफामुलक संस्था भएमा सेवाप्रणाली निर्माण गर्दा नेपाल सरकारले गरेको लगानी असुली सेवाप्रदायक र नेपाल सरकार बीच भएको सहमति बमोजिम हुनेछ।

तर लगानी असुली हुने गरि नाफामुलक संस्थालाई स्वामित्व हस्तान्तरण गर्दा उपभोक्ता बर्गले तिर्नु पर्ने सेवाशुल्कमा अत्यधिक बृद्धि गर्नु पर्ने अवस्था विद्यमान भएमा नेपाल सरकारले लगानी असुलीमा आंशिक वा पुरै छुट दिन बाधा पर्ने छैन।

(३) नेपाल सरकारले र स्थानिय निकाय समेतको लगानीमा सम्पन्न आयोजनाको सेवाप्रणालीको स्वामित्व अन्यथा सहमति भएमा बाहेक स्थानिय निकायलाई सेवा सञ्चालन र ब्यवस्थापन समेत गर्ने गरि हस्तान्तरण गरिने छ। यसरि हस्तान्तरण भएको सेवा प्रणालीबाट सेवा

संचालन तथा ब्यवस्थापन स्थानिय निकाय आफैले वा कानून बमोजिम स्थापना भएका कुनै संस्था द्वारा गराउन सक्नेछ।

**(४)** स्थानिय निकायले पुरै वा उपभोक्ता समुदाय समेतको लगानीमा सम्पन्न गरेका आयोजनाको सेवा प्रणालीको स्वामित्व आफैमा रहने गरि सेवा प्रणालीबाट सेवा संचालन तथा ब्यवस्थापन स्थानिय निकाय आफैले वा कानून बमोजिम स्थापना भएका कुनै संस्था द्वारा गराउन सक्नेछ।

**(५)** उपनियम (४) बमोजिम हस्तान्तरण गरिलिने सेवाप्रदायक नाफामुलक संस्था भएमा सेवाप्रणाली निर्माण गर्दा स्थानिय निकायले गरेको लगानी असुलीबारे सेवाप्रदायक र स्थानिय निकाय बीच पुर्व सहमति हुनु पर्नेछ।

तर स्थानिय बासिन्दाको तत्कालको समस्या समाधान गर्ने अभिप्रायले सम्पन्न गरेको आयोजनाको सेवाप्रणाली सेवाप्रदायकलाई अनुदानको रुपमा हस्तान्तरण गर्न बाधा परेको मानिने छैन।

२०. <u>सेवाप्रणाली ब्यवस्थापन करारमा लिनेदिने आधार र प्रकृयाहरु:</u>

(१) सेवाप्रणालीमा स्वामित्व प्राप्तसंस्था वा निकायले वा सेवा संचालन समेत गर्ने गरि स्वामित्व हस्तान्तरण गरिएका संस्था वा निकायले सेवाप्रणालीको सञ्चालन र ब्यवस्थापन गरी सेवा प्रदान गर्न निजी क्षेत्रमा स्थापित अन्य सेवाप्रदायकबाट करारमा गराउंदा प्रचलित कानूनको अधिनमा रही गराउनु पर्नेछ।

(२) सेवाप्रणाली ब्यवस्थापन करारमा दिने निर्णय लिनु अघि उपभोक्ता समुदायसंग सार्वजनिकरुपमा पर्याप्त अन्तरकृया र परामर्श गर्नु पर्नेछ।

(३) ब्यवस्थापन करार १ देखि ५ वर्षको छोटो अवधिको सालबसाली मर्मत सम्भार र सेवा सञ्चालन गर्ने गरि “साधारण करार” वा १५ देखि ३० वर्षको लामो अवधिको सेवाप्रणालीको सुदृढिकरण, सेवाक्षेत्रको विस्तार, सेवास्तरमा सुधार कार्य समेत संपादन गर्ने गरि “बिस्तारित करार” गरि लिन दिन सकिनेछ।

(३) उपनियम (३) बमोजिम छोटो अवधिको ब्यवस्थापन करार गरि लिंदा दिंदा करारपत्रमा कम्तिमा दुवै पक्षको संचालन सम्बन्धी काम कर्तव्य र अधिकारका साथै ब्यवस्थापन गरे बापत सेवा प्रदायकले केकति दस्तुर कसरी लिन पाउने हो स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम लामो अवधिको ब्यवस्थापन करार गरि लिंदा दिंदा करारपत्रमा कम्तिमा दुवै पक्षको संचालन सम्बन्धी काम कर्तव्य र अधिकारका साथै ब्यवस्थापन गरे

बापत सेवा प्रदायकले केकति दस्तुर कसरी लिन पाउने हो स्पष्ट उल्लेख गर्नुका साथै सेवाप्रदायकले कार्यान्वयन गर्नु पर्ने सेवाप्रणालीको भौतिक सुदृढिकरण योजना, सेवाक्षेत्र विस्तार योजना, सेवास्तर सुधार योजना, लगानी योजना, लगानीका प्रस्तावित स्रोत करारपत्रको अङ्गको रुपमा संलग्न गरिनु पर्नेछ।

२१. <u>सेवाप्रणाली ब्यवस्थापन करारमा दिंदा उपभोक्ता संस्थालाई प्राथमिकता दिईने:</u>

(१) सेवाप्रणालीमा स्वामित्व प्राप्तसंस्था वा निकायले सेवाप्रणालीको सेवा सञ्चालन र ब्यवस्थापन अन्य सेवाप्रदायकलाई करारमा दिनु अघि उपभोक्ता समुदायसंग प्रचलित कानून बमोजिम उपभोक्ता संस्था गठन र दर्ता गरि सो संस्थाबाट सेवा सञ्चालन र ब्यवस्थापन गर्ने ईच्छुक भए नभएको बारे परामर्श गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम उपभोक्ता संस्थाबाट सेवा सञ्चालन र ब्यवस्थापन गर्न गराउन उपभोक्ता समुदाय ईच्छुक देखिए सम्बन्धित संस्था वा निकायले प्रचलित कानून बमोजिम उपभोक्ता संस्थाको गठन गरि गराई सो संस्थासंग “बिस्तारित करार” गर्नु पर्नेछ।

(३) प्रचलित कानून बमोजिम स्थापित भई सफलता पुर्वक सेवा सञ्चालन गरि रहेका कुनै पनि उपभोक्ता संस्थाले सेवाप्रदायकको कुनै पनि छनौट प्रतिस्पर्धामा भाग लिन पाउनेछ र त्यसरी प्रतिस्पर्धामा भाग लिने उपभोक्ता संस्थालाई छनौटको लागि मुल्याङ्कनमा ७% सम्मको छुट दिन सकिनेछ,

तर प्रतिस्पर्धामा भाग लिन पाउने उपभोक्ता संस्थाको संस्थाले प्रदान गरि रहेको सेवाको गुणस्तरमा आधारित पुर्व योग्यता निर्धारण गर्नु पर्नेछ।

२२. <u>सेवाशुल्क वा महशुल निर्धारण सम्बन्धी ब्यवस्था:</u>

(१) सेवाप्रदायकले प्रचलित कानून बमोजिम सेवा शुल्क निर्धारण गर्नु पर्ने भएमा सोहि अनुसार र त्यसरी निर्धारण गर्नु नपर्ने अवस्थामा विभागले स्विकृत गरेको सेवाशुल्क वा महशुल दर गणना निर्देशिका बमोजिम निर्धारण गर्नु पर्नेछ,

तर सेवाक्षेत्रको विद्यमान परिस्थितिको आधारमा सेवा प्रदायकले विभागको निर्देशिका अनुसार हुन आउने दर भन्दा २० % सम्म घटी वा बढ़ी गरि सेवाशुल्क वा महशुल दर निर्धारण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम निर्धारण गरिएको सेवाशुल्क व महशुल दर कम्तीमा १५ दिन अघि उपयुक्त आम संचार माध्यममा प्रकाशन प्रशारण गराई उपभोक्ता समुदायको सार्वजनिक सभाबाट अनुमोदन गराउनु पर्नेछ।

(३) कुनै पनि प्रकारको बिवादका कारण उपनियम (१) बमोजिम उपभोक्ता समुदायको सार्वजनिक सभाबाट अनुमोदन हुन नसकेमा सेवाप्रदायकले मनासिब कारण साथ विभागमा निवेदन गरेमा विभागले अनुमोदन गरिदिन सक्नेछ।

२३. सेवा प्रदान गर्न सेवाप्रणाली जडान गर्दा लागेको खर्च निर्धारण र अशुली:

(१) सामान्यतया: उपभोक्तालाई खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउंदा आवस्यक पाईप, फिटिङ्ग, मिटर तथा अन्य जड़ान सामग्रीहरु र दक्ष अदक्ष कामदारहरु आफुले बजार मुल्यको आधारमा आवधिक रुपमा निर्धारण गरेको मुल्य उपभोक्ताबाट लिई उपल्ब्ध गराउने र जडान गरि दिने जिम्मेवारी सेवाप्रदायकको हुनेछ।

तर खानेपानीको धारा जड़ान गर्दा वितरण प्रणालीको पाईप देखि उपभोक्ताको घर परिसर भित्र मिटर सम्म र ढल जड़ान गर्दा ढल प्रणाली देखि उपभोक्ताको घर परिसरको सीमाना सम्म मात्र सेवाप्रदायकको जिम्मेवारी भित्र पर्नेछ।

**(२)** उपभोक्ताको धारा वा ढल जडान गर्दा सार्वजनिक सड़क वा सम्पत्ति खन्नु वा विगार्नु वा सार्न परे सम्बन्धित निकाय वा संस्था संग अनुमति लिने र सार्वजनिक आवागमनमा अवरोध नयूनिकरण गर्न र सार्वजनिक सड़कमा दुर्घटना हुन नदिन पर्याप्त सुरक्षा प्रबन्ध मिलाउने जिम्मेवारी सेवाप्रदायकको हुनेछ।

तर यस्तो अनुमति लिंदा सम्बन्धित निकाय वा संस्थाको नियम बमोजिम लाग्ने दस्तुर सेवाप्रदायकले उपभोक्तासंग असुल उपर गरिलिन पाउनेछ।

**(३)** सेवाप्रदायकले उपनियम (१) र (३) बमोजिम ब्यहिर्नु पर्ने खुद खर्च बाहेक जड़ान शुल्क समेत उपभोक्ताबाट असुल उपर गर्न सक्नेछ।

२४. खानेपानी मिटरमा उठेको खानेपानी खपतको आधारमा महसुल असुली:

(१) सामान्यतया: सेवाप्रदायकले उपभोक्ताको धारामा जडान गरिएको खानेपानी मिटरमा उठेको खपत अङ्कको आधारमा आवधिक रुपमा खानेपानीको महसुल उठाउनु पर्नेछ।

(२) १/२” ब्यासको धारा जड़ान गरिएका उपभोक्ताबाट खानेपानीको मासिक खपतको आधारमा ६ घ.मी. सम्मको खपतमा आधारभूत, ६ देखि माथि १२ घ.मी. सम्म मध्यम र १२ घ.मी.

भन्दा माथि जतिसुकै भए पनि उच्च प्र.घ.मी. दरले सेवाप्रदायकले कुल खपतको हुन आउने महसुल असुल उपर गर्न पाउने ब्यवस्था गरिनेछ।

तर ६ घ.मी. भन्दा कम खपत गर्ने उपभोक्ताले आधारभूत प्र.घ.मी. महसूल दरले ६ घ.मी. को न्यूनतम मासिक महसुल तिर्नु पर्नेछ।

**(३)** १/२" भन्दा बढ़ी ब्यासको धारा जड़ान गरिएका उपभोक्ताबाट उच्च प्र.घ.मी. महसूल दरले महसुल असुल उपर गर्नाका साथै उपयुक्त न्युनतम महसुल दर कायम गर्न सकिनेछ।

**(४)** कुनै प्राविधिक कारणले मिटर जड़ान गर्न नमिल्ने भएमा स्थाई तवरमा वा तत्काल मिटर उपलब्ध न भएको कारणले भए अस्थाई तवरले बिना मिटर धारा जड़ान गरिएमा सेवाप्रदायकले उपभोक्ताबाट निश्चित रकम मासिक महसुल स्वरुप असुल उपर गरिलिन सक्नेछ।

**(५)** सेवाप्रदायकले ढलप्रणालीमा आबद्ध उपभोक्ताबाट खानेपानी सेवा बापत तिर्ने महसुलको निश्चित अनुपातमा सरसफाई सेवा महसुल लगाई असुल उपर गरिलिन सक्नेछ।

तर खानेपानीको सेवा संग आबद्ध नभई ढल प्रणाली संग आबद्ध उपभोक्ताबाट सेवा प्रदायकले उपभोक्ताको घरजग्गाको क्षेत्रफलको आधारमा पनि सरसफाई सेवा शुल्क असुल उपर गरिलिन सक्नेछ।

(६) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि खानेपानी मिटरको त्रुटी अथवा अन्य कुनै कारणले मिटरमा वास्तविक खपत भन्दा बढ़ी अङ्क उठिरहेको छ भनि कुनै उपभोक्ताले लिखित उजुरी गरेमा सेवाप्रदायकले यथाशिघ्र जाँचबुझ गरि ब्यहोरा सत्य देखिए बढ़ी खपतबापतको महशुल रकम मिनाहा गरि मिटर मर्मत गरि दिनु वा नञाँ मिटर जड़ान गरि दिनु पर्नेछ।

२५. <u>थप सेवा प्रदान गरे बापतको शुल्क निर्धारण र अशुली:</u>

सेवाप्रदायकले खानेपानी तथा ढलप्रणाली संग आब्द्ध उपभोक्तालाई नियमित सेवा प्रदान गरे बाहेक कुनै अन्य प्रकारको पटके सेवा प्रदान गरेमा त्यस्तो सेवा प्रदान गरे बापत निर्धारित सेवा शुल्क पटकै पिच्छे असुल उपर गरिलिन सक्नेछ।

२६. <u>उपभोक्तालाई अतिरिक्त दस्तुर लगाउन सकिने:</u>

(१) सेवाप्रदायकले समयमा सेवा शुल्क वा महशुल नतिर्ने उपभोक्ताबाट निजले तिर्नु पर्ने बाँकी सेवा शुल्क वा महशुलको केहि प्रतिशत रकम अतिरिक्त दस्तुरका रुपमा अशुल उपर गरिलिन पाउनेछ।

तर यसरी अशुल उपर गरिने कुल अतिरिक्त सेवा शुल्क उपभोक्ताले कुल तिर्न बाँकि सेवा शुल्क वा महशुल भन्दा बढ़ी हुने छैन।

(२) समयमा सेवा शुल्क वा महशुल नतिरेको वा अन्य कारणले बन्द वा निलम्बन भएको सेवा पुन: खुलाउनु पर्दा सेवाप्रदायकले उपभोक्ताबाट निर्धारित दस्तुर अशुल उपर गरिलिन पाउनेछ।

तर सेवा पुन: खुलाउंदा आवस्यक पर्ने पाईप, फिटिङ्ग तथा अन्य जड़ान सामग्रीहरु र दक्ष अदक्ष कामदारहरु सेवाप्रदायक आफैले उपलब्ध गराई सोमा भएको खर्च बराबरको रकम बजार मुल्यको आधारमा उपभोक्ताबाट अशुल उपर गरिलिन पाउनेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै उपभोक्ताले सेवाप्रदायकलाई उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क वा महशुल रकम तिर्नु पर्दैन भनि ठहरिन आए त्यस्तो रकममा लाग्ने अतिरिक्त दस्तुर मिनाहा गरि दिनु पर्नेछ।

२७. <u>चक्र कोषको सञ्चालन र ब्यवस्थापन:</u>

**(१)** कोषको सञ्चालनको लागि निम्न बमोजिमको एक ९ सदस्यीय सञ्चालक समिति रहनेछ:-

| | |
|---|---|
| १. सचिव, सहरी विकास मन्त्रालय | अध्यक्ष |
| २. प्रतिनिधि (रा.प्र.प्र. श्रेणी), स्थानिय विकास मन्त्रालय | सदस्य |
| ३. प्रतिनिधि (रा.प्र.प्र. श्रेणी), खानेपानी तथा ढलनिकास विभाग | सदस्य |
| ४. कार्यकारी निर्देशक, ग्रा.खा.पा.स.को.वि.समिति | सदस्य |
| ५. नेपाल सरकारले नियुक्त गरेको गै.स.स.को प्रतिनिधि | सदस्य |
| ६. प्रतिनिधि, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल | सदस्य |
| ७. नेपाल सरकारले नियुक्त गरेको खा.पा.स.स. विज्ञ | सदस्य |
| ८. प्रतिनिधि, गा.वि.स. महासंघ | सदस्य |
| ९. महानिर्देशक, खानेपानी तथा ढलनिकास विभाग | सदस्य-सचिव |

(२) सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) कोषले सेवाप्रदाकलाई प्रवाह गरिने ऋण र अनुदान सम्बन्धी कार्यविधि स्वीकृति गर्ने,

(ख) सेवाप्रदायकबाट गरिने ऋण असुली कार्यविधि स्वीकृति गर्ने,

(ग) सेवा प्रदायकलाई ऋण र अनुदान स्वीकृति गर्ने,

(घ) कोषको सञ्चालन कार्यको अनुगमन गर्ने।

(३) चक्रकोषको प्रशासनिक कार्य सञ्चालन नेपाल सरकारले नियुक्त गरेको ईन्जिनीयरिंग सेवा, सिविल समूह, स्यानिटरी उपसमूहको रा.प.प्र. श्रणीको कार्यकारी प्रमुखले गर्नेछ।

(४) कोषको कार्यकारी प्रमुख सदस्य सचिव मार्फत सञ्चालक समिति प्रति जिम्मेवार हुने छन्।

(५) कोषमा आवस्यकतानुसार नेपाल सरकारका निजामति कर्मचारी रहने छन्।

२८. <u>ट्याङ्कर खानेपानी सेवा उपलब्ध गराउने ब्यवस्था:</u>

**(१)** भुमिगत/सतहगत स्रोतको पानी वा बर्षाते पानी प्रशोधन गरि यान्त्रिक वाहनमा जड़ित खानेपानी ट्याङ्करमा ढुवानी गरि उपभोक्ताको घर-घरै वा उपभोक्ताको आवस्यकता बमोजिम अन्य स्थानमा खानेपानी सेवा उपलब्ध गराई रहेका वा गराउन चाहने सेवाप्रदायकले विभागका प्रमुख समक्ष अनुसूची ९ बमोजिमको ढ़ांचामा दरखास्त दिनु पर्नेछ।

**(२)** ट्याङ्करबाट खानेपानी सेवा उपलब्ध गराउन अनुमति माग्नुअघि सेवाप्रदायक प्रचलित कानून बमोजिम संस्थाको रुपमा दर्ता भएको र भुमिगत/सतहगत पानीको स्रोतको उपयोगको अनुमति लिएको हुन पर्छ।

**(३)** सेवाप्रदायकले उपभोक्तालाई ट्याङ्करबाट खानेपानी उपलब्ध गराउंदा खानेपानीको गुणस्तर नेपाल सरकारले तोकेको मानक बमोजिम हुनु पर्नेछ।

**(४)** विभागका प्रमुखले सेवाप्रदायकले प्रस्ताव गर्ने पानीको स्रोत खानेपानी प्रयोजनको लागि प्रयोग गर्न उपयुक्त भएको, स्रोतको पानीलाई खानेपानी प्रयोजनको लागि नेपाल सरकारले तोकेको मानक बमोजिम कायम गर्न प्रस्ताव गरेको प्रशोधन विधि उपयुक्त र पर्याप्त भएको, आन्तरिक गुणस्तर नियन्त्रण गर्न प्रस्तावित गुणस्तर परीक्षण पारामिटर, प्रविधि र प्रकृया उपयुक्त र पर्याप्त भएको, खानेपानी ढुवानीको लागि प्रस्ताव गरिएको ट्याङ्कर उपयुक्त भएको र आन्तरिक गुणस्तर नियन्त्रणको लागि गुणस्तर परीक्षण प्रयोगशाला र गुणस्तर परीक्षक कर्मचारीको निर्धारित न्युनतम अनुभव र योग्यता पर्याप्त रहेको कुरा सुनिश्चित गरि अनुसूची १० बमोजिमको ट्याङ्कर खानेपानी सेवा सञ्चालन गर्न अनुमति दिनु पर्नेछ।

**(५)** उपनियम (४) बमोजिम अनुमति प्राप्त गरेको सेवाप्रदायकले सेवा सञ्चालन गर्नु अघि परीक्षण सञ्चालन गर्दा र सेवा संचालन सुचारु भए पछि कम्तीमा वर्षको एक पटक

